**Janapriya Journal of Interdisciplinary Studies (Jjis)**
[A Peer-Reviewed Open Access Journal; Indexed in NepJOL]
ISSN: 2362-1516 (Print), ISSN: 2773-8000 (Online)
Published by Janapriya Research and Consultancy Center (JRCC)
Janapriya Multiple Campus, Pokhara
Journal Homepage: www.janapriya.edu.np

# भानुभक्त आचार्यका कवितामा नारीप्रतिको दृष्टिकोण

**सुलोचना खनाल**
*नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा*

***Article History :*** *Submitted 16 Jul. 2022; Reviewed 20 Aug. 2022; Accepted 25 Nov. 2022*
***Corresponding Author :*** *Sulochana Khanal,* ***Email :*** *skhanal679@gmail.com*
***DOI :*** *10.3126/jjis.v11i1.53922*

## सार

*यस शोधमूलक लेखमा भानुभक्तका कवितामा नारीप्रतिको दृष्टिकोण निक्र्यौल गर्ने क्रममा उनका लघु र मध्यम आयामका रचनाहरूको नारीवादी सिद्धान्तका आलोकमा अनुशीलन गरिएको छ । यसमा सामग्री सङ्कलन पुस्तकालय र सामग्री विश्लेषण निगमनात्मक विधि (उदार नारीवादी) बाट गरिएको छ । यस क्रममा आचार्यका कवितामा अभिव्यक्त पितृसत्तात्मक र नारीवादी स्वरको अन्वेषण गरी निष्कर्ष कथन गरिएको छ । यसअनुसार आचार्यका कवितामा परम्परित धर्म, संस्कृति र सामाजिक मान्यताका आलोकमा मौलाएको पितृसत्तात्मक सोच नै बढी देखिएको छ । यस्तो दृष्टिकोण प्रश्नोत्तर र वधूशिक्षा कविता कृतिमा बढी छ तापनि नारी जातिप्रति नै भने विद्वेषको भाव आएको छैन । आमा, सासू घरका अन्य मान्य नारीप्रति सद्भाव नै प्रकट भएको छ । यहाँ आचार्यका कवितागत तथ्यलाई वर्तमानका आँखाले मात्रै नहेरी तत्कालीन समग्र नारी विरोधी परिवेशलाई समेत ख्याल गरी मूल्याङ्कन गर्ने काम भएको छ । यसरी हेर्दा भानुभक्तका सीमित कवितामा नारीप्रति सकारात्मक दृष्टिकोण व्यक्त भए पनि धेरैमा तद्‌युगीन पितृसत्तात्मक स्वरहरू नै प्रकट भएका छन् । ती आजका दृष्टिले हेर्दा मानवता विरोधी पनि छन् तर त्यसकै आधार भानुभक्तको नारीप्रतिको नियत नै नकारात्मक भने थिएन भन्ने देखिएको छ किनभने उनको उद्देश्य नारीलाई कुशल गृहिणी बनाउनु रहेको छ ।*

**मुख्यशब्दहरू :** भानुभक्त आचार्य, नारीवाद, पितृसत्ता, प्रश्नोत्तर माला, वधूशिक्षा ।

## विषय परिचय

### क. भानुभक्त आचार्यको छोटो चिनारी

भानुभक्त आचार्य (१८७१-१९२५) नेपाली साहित्यको प्राथमिक कालमा देखिने अत्यन्त महत्त्वपूर्ण प्रतिभा मानिन्छन् । उनी पण्डित श्रीकृष्ण आचार्यका नाति, धनञ्जय आचार्य र धर्मावती देवीका एक्ला छोरा थिए । तनहुँको चुँदी

*Copyright 2022 © the Author(s) and the Publisher*

रम्घामा १८७१ सालमा जन्मिएका उनी आफ्नो समयका प्रतिभाशाली साहित्यकार हुन् । उनले हजुर बुबा श्रीकृष्णसँग काशीमा गई अध्ययन गर्ने अवसर पाए पनि हजुर बुबाको छिट्टै मृत्यु भएको हुँदा त्यहाँ लामो समय बस्न पाएनन् । पढाइ बिचमै छाडी घर फर्किनु परेको थियो तर हजुर बुबाको सङ्गतले उनमा अध्ययनशील, जिज्ञासु र सिर्जनशिल प्रवृत्ति विकास हुँदै गएको बुझिन्छ । किशोर कालबाट साहित्य लेख्न सुरु गरेका उनले नेपाली साहित्यको कविता विधाका विभिन्न रूप (मुक्तक, फुटकर कविता, खण्डकाव्य र महाकाव्य) मा कलम चलाएका छन् । विशेष गरी कविताका लघु र बृहत् रूपमा उनी बढी दक्ष देखिएका छन् ।

**ख. भानुभक्तको लेखन परिवेश**

कुनै पनि लेखक आफ्नो परिवेशको उपज मानिन्छ । लगभग दुई सय वर्ष अगाडिको समयमा भनुभक्तले साहित्य लेखेका हुन् । उनले लेख्दाको समय अहिलेको भन्दा धेरै दृष्टिले पुरातन सोचको थियो । त्यतिखेर नेपाली समाज पुरै धार्मिक अन्धविश्वासमा अडेको थियो । हिन्दूधर्मको वर्चस्व समाजमा थियो । शासकहरू पनि धर्मसँग भयभीत हन्थे । ठुलो अपराध गरे पनि ब्राह्मणको हत्या गर्न हुन्न, पाप लाग्छ भन्ने सोच शासकहरूमा धेरै पछिसम्म थियो । देशमा वीर योद्धाहरूको अवसान हुँदै गएर राष्ट्रले अङ्ग्रेज सामु घुँडा टेकी सुगौली सन्धि गर्नु परेको थियो । त्यसपछि पनि दरबारमा आपसमा सत्ता हत्याउने षड्यन्त्रको चक्र चलि नै रहेको थियो । शिक्षाको अवसर थिएन । गुरुकुलमा विशेषतः बाहुनका छोराहरू पढ्थे । उनीहरू परम्परित धर्म संस्कृतिलाई संरक्षण गर्ने उद्देश्यको संस्कृत शिक्षामै सीमित थिए । केही पढेलेखेका टाठा भनाउँदा पण्डितहरू संस्कृत, हिन्दी, ब्रज जस्ता भाषामा लेखेका रचनालाई बढी महत्त्वको ठान्थे । नेपाली भाषामा लेख्नेलाई स्तर नभएको पाखे लेखक ठान्ने सोच थियो । पण्डित वर्गको नेपाली भाषाप्रति मात्रै नभई नेपाली सभ्यता र संस्कृतिप्रति पनि हेलाको भाव हुन्थ्यो (सिन्हा,२०६१, पृ. १५) । पण्डितहरू स्तुति भनजहरू सिर्जनामै बढी रमाउने गर्थे ।

समाजमा नारीलाई नरकको ढोका वा दासीका रूपमा चिनाउने, मर्दका दसवटी भनी बहुपत्नी भित्र्याउने, धेरै श्रीमती भित्र्याएर उनीहरूलाई घरेलु काममा कजाउने, लोग्नेको इच्छा र इसारामा नारी चल्नु पर्ने, बुहारीले अझ बढी सास्ती (बुहार्तन) खेप्नु पर्ने परिवेश थियो । पितृसत्ताको नारी विरोधी चरम अविवेकी परिस्थिति त्यस समयमा हुनु त्यति अस्वाभाविक देखिन्न किनभने आजको २१ औं शताब्दीको सचेत, शिक्षित र मानवतावादी समाजमा पनि यसका निकृष्ट रूप बेला बेलामा देखिन्छन् भने त्यस धर्मभीरु, अशिक्षित र पुरुषको जगजगी भएको समाजमा नारी दमनका डर लाग्दा परिस्थिति थिए भन्ने सहजै अनुमान गर्न सकिन्छ । त्यस्तो अध्याँरो र साँघुरो ऐतिहासिक परिवेशको पृष्ठभूमिमा भानुभक्तले आफ्नो लेखन प्रस्तुत गरेका थिए । उनको लेखन तत्कालीन सङ्कीर्ण वा नकरात्मक परिवेशका सापेक्षतामा देखिएको छ । यसलाई अहिलेको परिवेशका सापेक्षतामा हेर्न थालियो भने धेरै नकरात्मक वा मूल्यहीन पनि लाग्न सक्छ । ऐतिहासिक परिवेशलाई नबुझी वर्तमानका आँखाले मात्रै हेरेर ऐतिहासिक प्रतिभालाई घृणा गर्नु त्यति न्याय सङ्गत हुँदैन ।

टी.यस.इलियटको "परम्परा र व्यक्ति प्रतिभा"को सिद्धान्तले कुनै पनि स्रष्टा शून्यमा जन्मदैन, पूर्ववर्ती कुनै परम्पराको पृष्ठभूमिमा उसको आगमन भएको हुने हुँदो समालोचकले परम्परा बोध गरेर त्यसैका सापेक्षतामा स्रष्टाको मूल्य निर्धारण गर्नु पर्ने ठान्दछ (त्रिपाठी,२०३६, पृ.२६५-२६९) । त्यस्तै "साहित्य जनताको चित्तवृत्तिको सञ्चित प्रतिबिम्ब" (पाण्डेय, १९९८, पृ.९ मा उधृत) वा साहित्य समाजको दर्पण मान्ने चलन पनि छ । साहित्यिक समाजशास्त्रीहरूले त रचनाको अन्तर्वस्तु, संरचना, शिल्प र भाषा जस्ता सबै तहमा समाजकै अभिव्यक्ति हुने पनि मान्दछन् (पाण्डेय, १९९८, पृ.१४) । यस दृष्टिले हेर्दा भानुभक्तका रचनामा तद्युगीन समाजको प्रतिबिम्ब राम्रै प्रकट भएको मान्नु पर्ने हुन्छ । त्यसैले भानुभक्तका रचनामा नारीप्रतिको दृष्टिकोण नियाल्दा पनि तत्कालीन शैक्षिक, धार्मिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, पारिवारिक जस्ता साँघुरा परिवेशलाई राम्ररी ख्याल गरिएको हुनुपर्छ भन्ने सोचका साथ सो सन्दर्भ हेरिएको छ ।

## समस्या, उद्देश्य र सीमाङ्कन

प्रस्तुत शोधपरक लेख भानुभक्त आचार्यका कविता कृतिको अन्तर्वस्तु केलाउन केन्द्रित छ। अन्तर्वस्तु केलाउने क्रममा यहाँ मूलतः नारीप्रति केकस्तो दृष्टिकोण अभिव्यक्त भएको छ त्यसलाई नै मूल विषय बनाइएको छ। यस क्रममा सर्जकको रचनाको ऐतिहासिक समयलाई समेत ख्याल गर्नुपर्ने परिस्थिति छ किनभने भानुभक्तको देहावसान भएको करिब एक शतकपछि मात्रै नारीवादको सैद्धान्तिक स्थापना भएको देखिन्छ। उनले लेख्ने बेलामा नेपालको सामाजिक सांस्कृतिक परिवेश मूलतः पितृसत्तात्मक दबदबामा टिकेको थियो र त्यसको अभिव्यक्ति नै उनका रचनामा पनि बढी मात्रामा आउनु स्वाभाविक थियो। त्यसैले यस लेखमा उदार नारीवादसँग सम्बद्ध निम्न कुराको अन्वेषण नै मुख्य मानिएका छन्-

अ. भानुभक्तका कवितामा के कस्तो पितृसत्तात्मक ज्यादती प्रकट भएको छ ?

आ. भानुभक्तका कवितामा नारीपक्षधरता (नारीवादी स्वर) को अवस्था कस्तो छ ?

माथिका शोध समस्याहरूलाई कृतिगत तथ्यका आलोकमा समाधान गर्नु नै यसको उद्देश्य रहेको छ।

प्रस्तुत शोध एउटा लेखमा सीमित हुनु पर्ने भएकाले यसको शीर्षकमा उल्लेख "भानुभक्तका कविता" भन्नाले उनका फुटकर कविता र अन्य काव्य कृतिलाई मात्रै समेटिएको छ। ती रचनाभित्र पनि कविको नारीप्रतिको दृष्टिकोणमात्रै यहाँ अन्वेषण गरिएको छ। अन्य कोणको अध्ययन र उनको महाकाव्य समकक्षी रचना रामायणलाई भने लिइएको छैन। तिनलाई यस लेखका सीमाबाहिरका सन्दर्भ मानिएको छ।

## अध्ययन विधि

प्रस्तुत शोधपरक अध्ययनको सामग्री सङ्कलनको स्रोत पुस्तकालय हो। यसमा विषयको अध्ययन विश्लेषण मूलतः उदार नारीवादको सैद्धान्तिक आलोकमा गरिएको छ। त्यसैले यो मूलतः निगमनात्मक शोधविधिमा आधारित छ।

## सैद्धान्तिक पर्याधार / नारीवाद

साहित्यिक रचनालाई तिनको स्वर/अन्तर्वस्तुको प्रकृति अनुसार सामाजिक यथार्थवादी, आदर्शवादी, प्रगतिवादी, मनोवैज्ञानिक, अस्त्त्ववादी, विसङ्गतिवादी, नारीवादी, नव इतिहासवादी जस्ता आधारमा अध्ययन गर्ने गरिन्छ। यस्तो अध्ययन मूलतः स्वर वा अन्तर्वस्तु केन्द्री र अंशतः शिल्प वा रूप केन्द्री हुन्छ। साहित्यलाई नारीवादी कोणबाट गरिने अध्ययन पनि यही प्रकृतिको हो। यसमा लैङ्गिक चेतनाका साथै नारी पक्षधरताको खोजी बढी गरिन्छ। समाजमा नारीलाई पुरुषका दाजोमा धेरै पछि पारिएको हुँदा वा परिस्थितिवश नारी पछि परेकी हुँदा उसलाई पुरुष सरहको सहअस्त्त्वको आग्रह गरी निर्माण गरिएको सिर्जना वा समालोचना नै नारीवादी साहित्य भनिन्छ। विश्व साहित्यमा यस किसिमको लेखन कहिलेदेखि सुरु भयो भन्न त्यति सजिलो छैन। असचेत रूपमा यस्तो लेखन धेरै पहिला देखि नै भएको भेट्न सकिए पनि सचेत रूपमा यस्तो लेखन पश्चिमा आधुनिक काल पछि नै भएको हो र त्यसको अध्ययन विश्लेषण गर्ने वा नारीवादी सैद्धान्तिक दृष्टि निर्माण गर्ने काम सन् १९७० पछि नै हुन थालेको मानिन्छ (शर्मा र लुइँटेल, २०६१, पृ.३७३)। यस ऐतिहासिक पक्षलाई हेर्दा भानुभक्तको देहावसान भएको एक शतकपछि नारीवादको सैद्धान्तिक स्थापना भएको देखिन्छ तर यसको ऐतिहासिक पृष्ठभूमि भने धेरै पहिले बन्दै आएको थियो।

मानव समाजमा बढ्दै गएको लैङ्गिक विभेदप्रति असन्तोष, विमति आक्रोश बढ्दै जाँदा त्यसको अभिव्यक्ति साहित्यिक लेखनमा पनि देखिन थालेको र त्यहाँबाटै नारीवादी लेखनको पनि खास थालनी भएको अनुमान गर्न सकिन्छ। यस्तो

लेखनका लागि उपयुक्त परिवेश निर्माणमा पश्चिमी समाजमा देखिएका बेलाबेलाका विभिन्न राजनीतिक आन्दोलन र समाज सुधारका अनेक प्रयत्नहरूले उल्लेखनीय योगदान पुऱ्याएको देख्न सकिन्छ। यस सन्दर्भमा सन् १७७६ को अमेरिकी राज्य क्रान्ति र सन् १७८९ को फ्रेन्च राज्यक्रान्ति बढी स्मरणीय छन्। त्यस्तै उनै आन्दोलनको पृष्ठभूमिमा फ्रान्समै ओलिम्पी डि गोगेजहरूले चर्काउँदै लगेको नारी आन्दोलन र गोगेजकै "डिक्लेरेसन अफ द राइट अफ वेमेन" (सन् १७८९) लेखनलाई नारी आन्दोलनको महत्त्वपूर्ण दस्तावेज मानेको पाइन्छ (पौडेल, २०६७, पृ.५)। यस्ता कार्यमा नारीमाथि गरिने पुरुषको शासनको टड्कारो विरोध गरिएको छ। यस्तै आधुनिक युगको पुनर्जागरण कालीन मानवतावादी र धर्म सुधार आन्दोलनले पनि परम्परित पितृसत्तात्मक समाजको नारी दसताप्रति गम्भीर प्रश्न उठाउन थालिसकेका थिए। प्रबोधन कालीन (Age of Enlightenment) चेतनाले मान्छेको कतिपय प्राकृतिक अधिकार र स्वतन्त्रता, समानता र भातृत्वको नारा स्त्रीहरूमा पनि लागू हुनु पर्ने जिकिर सचेत नरनारीहरूले नै गर्न थाले। त्यतिखेरकै विचारहरूले स्त्रीहरूको पराधीनतालाई मनुष्यको प्राकृतिक अधिकारको हनन ठाने (कात्यायनी र सत्यम, २००९, पृ. १५)। त्यतिखेरका जाँ आँ तुआँ कोन्दोर्से (सन् १७४३-९४) स्त्रीहरूको समानताका प्रबल पक्षधर थिए। उनले स्त्रीकाप्रति सामाजिक पूर्वाग्रह र असमानतापूर्ण सामाजिक स्थिति रहेका हुँदा स्त्रीहरू पछि परेका हुन् र त्यसको समाधान कानुनी समानता र स्त्री शिक्षाद्वारा सम्भव हुने ठान्दथे। त्यस्तै अमेरिकी क्रान्ति (सन्१७७६-८३) का क्रममा मर्सी बारेन एविगेलको नेतृत्वमा स्त्रीहरूले पहिलो पटक मताधिकार, सम्पत्तिमा अधिकार र सामाजिक समानताको माग गर्दै जार्ज वासिङ्टन र टामस जैफर्सनलाई ती कुरा संविधानमै उल्लेख गर्न दबाब दिए। तर त्यतिखेरका नारी विरोधीहरूका दबाबका कारण त्यो सम्भव भएन। युरोपमा पनि सङ्गठित नारी आन्दोलन फ्रान्सेली क्रान्तिसँगै भयो। त्यस क्रान्तिमा स्त्रीहरू पनि सक्रियतापूर्वक सहभागी बनेका थिए। फलस्वरूप स्त्रीहरूका पनि क्रान्तिकारी क्लबहरू बन्दै गए र तिनले सामन्तवादी सङ्घर्षमा आफूलाई उभ्याए। स्वतन्त्रता, समानता र भातृत्वको त्यस ताकाको नारा स्त्रीहरूले लिङ्गभेद रहित ढङ्गमा लागू हुनु पर्ने माग गरे। त्यतिखेरको "मान्छे र नागरिक अधिकारहरूको घोषणा" कै ढाँचामा ओलिम्पी डि गोगेज (सन् १९४८-९३) ले "स्त्री र स्त्री नागरिक अधिकारको घोषणा" तयार गरेर सन् १७९१ मा राष्ट्रिय असेम्बलीमा प्रस्तुत पनि गरे। त्यस ऐतिहासिक दस्तावेजमा स्त्रीहरूमाथि पुरुषहरूले गर्ने शासनको कडा विरोध गर्दै स्त्री मताधिकार माग र पूर्ण सामाजिक राजनीतिक समानताको माग पनि गरिएको थियो (कात्यानी र सत्यम, २००९, पृ. १५-१६)। यही पृष्ठभूमिमा लन्डनमा जन्मिएकी मेरी बोल्सटन क्राफ्ट (१७५९-१७९७) को 'अ भिन्डिकेसन अफ द राइटस् अफ वेमेन' (सन् १७९२) कृति प्रकाशित भएको थियो। यसमा स्पष्टतः के जिकिर गरिएको छ भने कुनै पनि समतावादी सामाजिक दर्शन तबसम्म वास्तविक अर्थमा समतावादी हुन्न जबसम्म तिनले स्त्रीहरूको समान अधिकार र अवसर दिन अनि तिनको संरक्षणका हिमायती बन्न चाहँदैनन् (कात्यायनी र सत्यम् २००९, पृ.१९)। यसबाहेक मेरी आफ्नो पुस्तकमा परम्परित शिक्षा पद्धति मध्यम तथा उच्च वर्गका नारीलाई शोषण गर्ने फरक फरक तरिका, सुनको पिँजरामा थुनेर राख्ने पुरुष मानसिकता नारी शोषणका परम्परित विधि र संस्कृति, सौन्दर्यप्रति अनावश्यक रूचि जगाएर नारी जीवनलाई अर्थहीन तुल्याउने चरित्र आदिको कडा आलोचना गर्दै पितृसत्ताको विरोध गरेको पाइन्छ। मेरीकै नारी अधिकारसँग सम्बन्धित अर्को कृति 'मारिया' हो। यो उनको मृत्युपछि प्रकाशित भएको थियो। यसमा समाजका सबै वर्गका स्त्रीहरूको उत्पीडनको चर्चा गर्दै मजदुरवर्गका स्त्रीहरूको शोषणलाई विशेष महत्त्वका साथ प्रस्तुत गरिएको छ र समाजमा उनीहरूको अवस्था जेल जीवनभन्दा फरक नभएको देखाइएको छ। यस्तो स्थिति हुनुमा वा स्त्रीको पराधीनताको खास कारण गलत सामाजिक ढाँचा, चर्चको प्रभुत्व र राजनीतिक शासन व्यवस्थालाई औँल्याएको पाइन्छ।

यसपछि जोडइन इस्टुवार्ट मिल र हेरिएट टैलरको 'म्यारिज एन्ड डिभोर्स' (सन् १८३२), सारा गिम्कीको 'लेटर्स अन इक्वेलिटी' (सन् १८३८), जोन स्टुअर्ट मिलको 'द सब्जेक्सन अफ वोमिन' (सन् १८६१), एलिजवेथ कोडिस्टेसनको

'वोमेन बाइबल भाग १ र २' (सन् १८९५ र १८९८), शार्लोट पर्किज जिलम्यानको 'आवर एन्ड्रोसेन्ट्रिक कल्चर' (सन् १९११), भर्जिनिया उल्फको 'अ रूम अफ ओमन्स वोन' (सन् १९२९), सिमोन द बुआको 'द सेकेन्ड सेक्स' (सन् १९४९), बोटी फ्रिडनको 'द फेमिनिन मिस्टिक' (सन् १९६३), म्यारी एलम्यानको 'थिन्किङ एवाउट वोमेन' (सन् १९६८), केट मिलेटको 'सेक्सुअल पोलिटिक्स' (सन् १९६९) एलिन सेवाल्टरको 'अ लिटरेचर अफ देयर वनः ब्रिटिस ओमेन नोभलिस्ट फर्म बोन्ट टु लिसिङ' (१९७७), जुलिया क्रिस्टिभाको 'डिसिर डन ल्याङ्वेज : अ सिमान्टिक एप्रोच टु लिटरेचर एन्ड आर्ट' (सन् १९८०), टोरिल मोईको 'सक्सुअल / टेक्सुअल पोलिटिक्स : फेमनिस्ट लिटरेरी थ्योरी' (सन् १९८५) जस्ता प्रशस्त व्यक्ति र तिनका कृतिहरू प्रकाशित हुँदै आएको पाइन्छ। 'क्रिटिकल थ्योरी टुडे' कृतिको "फेमिनिस्ट क्रिटिसिजम" च्याप्टरको अन्त्यमा दिइएको लामो विवरणले पनि त्यसलाई देखाएको छ। वास्तवमा यस्ता कृतिले समाजमा नारीको हैसियत पुरुष सरहको हुनु पर्ने आग्रह कुनै न कुनै रूपमा प्रस्तुत गरेको पाइन्छ। कतिपय कृति नारी समानताको भावनाले लेखिएका छन् भने कतिपय कला साहित्यमा त्यस किमिसको भावनाको अभिव्यक्ति हुनुपर्छ, त्यसका माध्यमबाट पनि नारी अस्त्वि संरक्षण गरिनुपर्छ भन्ने आशयले लेखेको पाइन्छ। यस्तै केहीमा पितृसत्तात्मक ज्यादतीको प्रतिक्रिया स्वरूप उग्र नारीवादको स्वर पनि अभिव्यक्त भएको देख्न सकिन्छ। यस्ता कृतिमध्ये विशेषतः 'वोमेन बाइल', 'अ रूम अफ ओन्स वोन', 'द सेकेन्ड सेक्स' र 'सेक्सुअल पोलिटिक्स' नारीवादी आन्दोलन र नारीवादी साहित्य लेखनका दृष्टिले बढी महत्त्वका पनि मानिन्छन्। 'वोमन बाइबल' ले परम्परत बाइबलको पुरुष पक्षधरतालाई नकारेको छ भने 'अ रूम अफ ओन्स वेन' ले स्त्री पुरुषबिच सङ्घर्ष नभई समन्वयमा जोड दिएको पाइन्छ। त्यस्तै 'द सेकेन्ड सेक्स' मा स्त्रीलाई दोस्रो दर्जाको मान्छे ठान्ने समाजको अनेक कोणीय विश्लेषण प्रस्तुत गर्दै स्त्री कुनै पनि कोणबाट दोस्रो दर्जाको मान्छे हुनै सक्तिन, पुरुषले उसलाई होच्याउने वस्तुगत र वैज्ञानिक कारण छँदै छैन भन्ने सिद्ध गरिएको छ। यसको तथ्य सहितको दरो तार्किक विश्लेषण देखेर कतिपय समीक्षकले यसलाई "नारीवादी लेखन तथा आन्देलनको युगान्तकारी कृति" (शर्मा र लुइँटेल, २०६१, पृ.३७२), "स्त्रीवादको आधुनिक युगको गीता" (गौतम, २०५०, पृ.४३२), "पुरुष प्रधान युगका लागि दुनियाँकै पहिलो गम्भीर चुनौतीपूर्ण लेखन (पौडेल, २०६७, पृ.८४) भनेर प्रशंसा गरेको पाइन्छ। यसपछि यससँग नै तुलनीय बनेर आएको कृति 'सेक्सुअल पोलिटिक्स' मानिन्छ। यसले पूर्ववर्ती कृतिले झैँ सुधार र समताको आकाङ्क्षा मात्रै नराखी सामाजिक क्रान्तिमा नै जोड दिएको र नारीवादी साहित्यमा राजनीतिक आयाम पनि थपि दिएको मानिन्छ (गौतम, २०५०, पृ.४३३)।

यसरी अमेरिकी र फ्रान्सेली क्रान्तिको थालनीसँगै अमेरिका र फ्रान्समा सुरु भएको नारीवादी आन्दोलन क्रमैसँग विस्तार हुँदै गएर दोस्रो विश्व युद्ध पछि साहित्यमा पनि सचेत रूपमै देखापर्न थालेको पाइन्छ। यसको विकास भने उत्तर आधुनिक लेखनले गति लिन थाल्दा वा सन् १९७० को दशकबाट नै हुन थालेको देखिन्छ। विकासकै क्रममा यसका उदारवादी, मार्क्सवादी, उग्रवादी, उत्तर आधुनिकतावादी जस्ता विभिन्न प्रकार पनि देखिएका छन्। यीमध्ये भानुभक्तका रचनामा उदार नारीवादको सन्दर्भ नै बढी सान्दर्भिक देख्न सकिन्छ किनभने यसले मूलतः रचनामा पितृसत्ताको ज्यादती र त्यसको प्रतिरोध खोज्ने गर्छ (विस्तृत जानकारीका लागि खनाल २०६८, पृ. १४-१७)। तीमध्ये पितृसत्ताको ज्यादती उनका रचनामा बढी भेटिन्छ।

भानुभक्तले कविता सिर्जना गरेको करिब एक शताब्दीपछि देखिएको नारीवादको सैद्धान्तिक पक्षधरता उनका रचनामा नदेखिनुलाई त्यति अस्वाभाविक मान्न सकिन्न किनभने त्यस समयमा नारीवादी लेखनको पृष्ठभूमि जुन पश्चिममा निर्मित हुँदै थियो त्यसको सूचनाको पहुँच नेपालमा थिएन। त्यसैले भानुभक्त त्यसबाट परिचित थिएनन्। उनलाई त त्यसका विपरीत पितृसत्ताको पहुँच थियो र त्यसैको अभिव्यक्ति आफ्ना रचनामा बढी स्पष्टताका साथ गरेको देखिन्छ।

## भानुभक्तका कवितामा पाइने पितृसत्तात्मक ज्यादती

कवि भानुभक्त आचार्यको रामायणबाहेक अन्य रचनाहरू यस शोधका अध्ययन क्षेत्रमा पर्दछन् । तिनमा भक्तमाला, प्रश्नोत्तर माला, वधूशिक्षा र केही फुटकर कविता रहेका छन् । तीभित्र रहेका पितृसत्तात्मक ज्यादतीको यहाँ क्रमशः अन्वेषण र विश्लेषण गरिएको छ।

**भक्तमाला** जम्मा २२ श्लोकी रचना हो । रामभक्तिद्वारा जीवन सार्थक बनाउन सकिन्छ भन्ने भावलाई यसमा दार्शनिक ढङ्गमा उदाहरण सहित व्यक्त गरिएको छ। पूर्वीय आध्यात्मिक क्षेत्रका विभिन्न सन्दर्भ नै यसको स्रोत रहेको छ। नारीप्रतिको स्पष्ट दृष्टिकोणसँग यो सम्बन्धित छैन तर पितृसत्तात्मक स्वरको अप्रत्यक्ष अभिव्यक्ति यहाँ देखिन्छ किनभने कवितामा कृपानाथ, स्वामी, ठाकुर, हरि, हरिचरण, ख्वामित, गुरुचरण जस्ता पद र पदावलीले त्यसैको सङ्केत गरेका छन् । तिनले हिन्दू धर्म संस्कृतिमा ईश्वरीय तत्त्वको प्रबलता पुरुषमै रहेको सङ्केत गरेका छन् । यस्तै दण्डविधान गर्ने पनि पुरुष वा यमराज देखिएका छन् । नारीको भूमिका कतै देखिन्न, बरु विषय रसमा भुलाएर जीवन मुक्तिमा व्यवधान गर्ने वस्तुका रूपमा उसलाई अप्रत्यक्ष सङ्केत गरिएको छ।

**प्रश्नोत्तर माला** पनि वेदान्त दर्शनकै आलोकमा निर्मित विचार प्रधान आध्यात्मिक कविता कृति हो। शङ्कराचार्यको ३२ श्लोके “मणिरत्न माला” लाई यसका ४८ श्लोकमा भावानुवादका रूपमा प्रस्तुत गरिएको छ । यसको प्रस्तुति प्रश्न र उत्तरका रूपमा गरिएको हुँदा यसको नाम प्रश्नोत्तर माला राखिएको देखिन्छ। नारीप्रति यसको दृष्टिकोण एकदमै नराम्रो छ। पितृसत्ताको चरम अभिव्यक्ति यसमा छ। त्यसैले यसमा नारीलाई नरकको ढोका, सांसारिक मोहको पासोमा बाँधि राख्ने साङ्लो, सुराको जस्तो नसाले भरिएकी, जानि नसक्नु वा नकारात्मक रहस्यमय चरित्रकी, अविद्याको स्रोत, पुरुषको दुखको मूल कारण, अगाडि अमृत जस्तो देखिई पछि विष बन्ने वस्तुका रूपमा चित्रित गरिएको छ। त्यस्तै कान्ताका कटाक्षबाट बच्न सक्नुलाई नै बुद्धिमानी ठानिएको छ । हुन त कवितामा प्राणीको हित हुने कुरालाई नै सत्य मान्नु पर्ने भनिएको छ (श्लोक ३२) तर फेरि नारीलाई प्राणी नै होइन जस्तो गरी पुरुषको सबै दुखको कारकका रूपमा बयान गरिएको पाइन्छ। जस्तै-

कुन मूल ढोका छ नरक कि नारी,
लान्छे नरक मोह ठुलो फिँजारी ॥ ५
को छन् सुरा झैँ अतिमोह गर्न्या ?
स्त्री जान्नु तस्तै गरि चित्त हर्न्या । १०
विद्वान् कउन् चिज्कन तुच्छ मान्छन् ?
कान्ता र सुन् त्याज्य भनेर ठान्छन् ॥१४
साङ्ला कउन् हुन् सबलाई बाँध्या ?
स्त्री हुन् सारा पाउ समाइ राख्न्या ॥ २३
क्या जानिइ छैन भनेर बक्नु ?
स्त्रीको चरित्रै छ नजानि सक्नू ॥ २४
कुन हो अविद्या मित नारी मान्या ॥ २८
कुन छाडि दिन्या सुखि हुन्छ भन्छन् ?
स्त्री छाड्न सक्न्या सुखिमा गनिन्छन् ॥ ३२
अमृतसरी अघि भई पछि बीस बन्न्या, कुन हो ?

स्त्रि हुन् किन अरू चिजलाई भन्या ॥ ४२

शङ्कराचार्य आफू सन्यासी भएका हुँदा उनले सन्यास आश्रमकै वकालत गर्नु स्वाभाविक नै हो । सन्यासीहरू गृहस्थी जीवनको अर्थहीनता देख्छन् । गृहस्थी जीवनमा अल्झाउने मुख्य तत्त्व भनेकै नारी हुन् भन्ने उनीहरूको सोच हुने हुँदा सोही नारी विरोधी आग्रह यहाँ पनि आएको छ। भानुभक्तले भावानुवादका रूपमा यसलाई प्रस्तुत गरे पनि मूल सामग्रीको नारी विरोधी स्वरलाई परिवर्तन गर्न आवश्यक ठानेका छैनन् । यसले नारीप्रतिको परम्परित अध्यात्म दर्शन वा वेदान्त दर्शनको नकारात्मक धारणा नै उनको पनि धारणा रहेको देखाएको छ।

**वधूशिक्षा** भानुभक्तको मौलिक कृति हो । यो कृति मित्र तारापति उपाध्यायको घरमा बास बस्दा त्यहाँ राति देखिएको सासू बुहारीको चर्को झैझगडाबाट सुत्न नसकी दिक्क परेर छोरी बुहारीहरूलाई उपदेश दिने दृष्टिले लेखेको बुझिन्छ। यसको प्रस्तावनामै लेखिएको छ -

धन् इज्जत् घरबार देख्छु बढिया छैनन् कुनै चिज् कमी ।
बूहारी यदि कर्कसा हुन गया क्या घर् गरौला तिमी ॥
सारै झोक् उठ्यो मलाइ र वधूशिक्षा बनायाँ पनी ।
यस्ले पत्नि, बुहारि, छोरिहरूको तालिम् गरौंला भनी ॥ २

गृहस्थी जीवनमा धन सम्पत्ति, इज्जत, घरबार राम्रो भए पनि घरमा व्यवहार कुशल र कर्तव्य परायण बुहारी भएनन् भने त्यो घर सुखी हुन्न । घरलाई सुखी बनाउन अनुशासित बुहारीको आवश्यकता पर्दछ भन्ने मनासायले उनले यो कविता लेखेको बुझिन्छ। यो तत्कालीन संयुक्त परिवारको अवधारणा अनुसार तयार गरिएको सामग्री हो। यसमा पत्नी, बुहारी वा छोरीलाई परम्परित धार्मिक नैतिक सोच अनुसार नै उपदेश दिने काम गरिएको छ । पतिलाई परमेश्वर ठान्ने सोच वा सतीत्वको भाव र घर गृहस्थीमा बुहारीले विनयशील तथा संमयपूर्ण व्यवहार प्रदर्शन गर्नुपर्छ भन्ने आशय ठाउँ ठाउँमा आएको छ। यस्तो उपदेश भानुभक्तको रामायणमै पनि रामसीताको विवाह पछि सीतालाई बिदाइ गर्ने बेलामा आमाहरूले दिएको उपदेशमा पनि स्पष्टतः आएको छ (बालकाण्ड, १२२) ।

सोही परम्परित धार्मिक नैतिक आचरणसँग सम्बन्धित रहेर भानुभक्तले यस काव्य कृतिमा पत्नी, बुहारी र छोरी बनेका नारीलाई प्रशिक्षित तुल्याउन चाहेका छन् । यसमा विहान उठेदेखि बेलुकी सुत्ने बेलासम्म उनीहरू के कसरी खट्नु पर्छ भन्ने कुरालाई कवितात्मक भाषामा प्रस्तुत गरिएको छ। जम्मा ३३ श्लोके यस काव्य कृतिमा विशिष्ट काव्यात्मकता भन्दा पनि कथन वा उपदेश बढी महत्त्वको बनेर आएको छ।

यसमा पत्नी र बुहारी बनेकी नारीलाई बिहान सबेरै उठी पतिलाई ढोग गरी नुहाइ धुवाइ गर्ने र सासूको चरण स्पर्श गरी आफूले गर्नुपर्ने काम के हो भनी सोध्ने, घरका अरू मान्यजनलाई पनि ढोगभेट गर्ने, काम गर्ने मानिसहरूलाई मिठो वचनले काम लगाउने, घरको काम सबैलाई सजिलो हुने गरी व्यवस्थापन गर्ने, पूजापाठ गरी टिको लगाउने, पतिको चरण जल खाने, खान बनाएर सबैलाई सन्तुष्ट हुने किसिमले खुवाउने, खालि नबस्ने, कुनै न कुनै काममा लागि रहने, सौताको रिस नगरी मिलेर बस्ने, चाडपर्व आउँदा अतिथिहरू आउँदा सोही अनुसार खटेर काम गर्ने, असत्य नबोल्ने, अरूका घर गएर कुरा काटेर नबस्ने, उत्ताउलो भएर हाँसेर दिन नफाल्ने, वस्तुभाउको पनि हेरचाह गर्ने, घरको अन्नपातलाई व्यवस्थित गरी राख्ने, घरका मान्यजनले खोजेका सामानहरू तुरुन्तै खोजेर दिने, साँझको पूजा आराधनाको व्यवस्था मिलाउने, आएका पाहुना र घरका जहानहरूलाई नखुवाई नखाने, बेलुका सबै थान्कोमान्को लगाएर सासूको गोडा मिच्न पुग्ने, सासूलाई रिझाएपछि पतिलाई रिझाउने, सबैसँग मधुर वचन बोल्ने, पतिव्रता धर्म नभुल्ने, परेमा खुसी भएर सती जाने जस्ता उपदेश प्रस्तुत गरिएको छ। जस्तै-

स्वामीका चरणारविन्द युगको जल् भक्तिले पान् गरून् ।
निर्मल् देह गराउनाकन उ जल् केही शरीर्मा छरून् ॥ ५
सौताको रिस गर्नु पाप छ बहुत् एकै दुबैका पति ।
मर्दामा पनि जानुपर्छ जसले मीलेर सङ्गै सती ॥१२
हाँस्नू छैन कदापि नारिहरूले वेश्या हुन्या हाँस्दछन् ।
वेश्या लौ नहउन् तथापि घरको काम् ती नास्तछन् ॥१९
स्त्रीको धर्म पतिव्रता अति ठुलो जो गर्दछन् भक्तिले ।
आफ्ना कुल् सब तारि पितृहरूको कुल् तार्दछन् शक्तिले ॥३३

यस काव्य कृतिमा सासूसँग निहुँ खोजेर रातमै दन्तबझान गर्ने, अतिथिहरूको वास्ता नगर्ने अव्यावहारिक र अमर्यादित बुहारीको मति सुधार्न उपर्युक्त उपदेश प्रस्तुत गर्दै परम्परित, कर्तव्य परायण र सुशील पत्नी वा बुहारीको अपेक्षा गरिएको छ। यसमा पत्नी र बुहारीका कर्तव्य प्रस्तुत गर्दा घरका अरूको पनि उनीहरूप्रति के कस्तो कर्तव्य हुन्छ भन्ने कुराहरू छोटोमै भए पनि सङ्केत गर्न सकेका भए यसको त्यति आलोचना हुने थिएन । तर यो काव्यात्मक उपदेश भानुभक्तले तत्कालै एक किसिमको आवेगात्मक वा बुहारीको ज्यादै ज्यादती अनुभव गरेर एकै रातमा तयार गरेको बुझिन्छ । यसले उनको आशु कवित्वलाई प्रमाणित गरे पनि सिर्जनामा अपेक्षित दृष्टिकोणको सन्तुलनलाई देखाउँदैन । यो कुनै दुत्छर बुहारीको व्यवहारलाई देखी सबै बुहारीप्रति नै एक किसिमको आग्रही दृष्टिकोण राखी लेखिएको कविता हो । गृहस्थी जीवन व्यवस्थित गर्न पत्नी, बुहारी र छोरीको मात्रै कर्तव्य नहुने भए पनि यो त्यही विषयमा मात्रै आधारित हुँदा उनीहरूको मात्रै कर्तव्य कथनमा केन्द्रित हुनु त स्वाभाविक नै मान्न सकिएला तर पत्नी र बुहारीको पनि शरीर नै हो । उनीहरू चौबिसै घन्टा एकोहोरो खटिरहून्; बिना काम नबसून्; पति जस्तो भए पनि उसलाई परमेश्वर ठानेर व्यवहार गरून्; सासू र अरू घरका मान्यजनहरूको पनि सेवा टहल गरेर उनीहरूलाई खुसी तुल्याइ रहून्; हाँसेर एक क्षण पनि खेर नफालून्; सती जान पाउँदा गर्व गरून् जस्ता कतिपय कुरा भने न्यूनतम मानवीयताका दृष्टिले पनि राम्रा रहेका छैनन् । यस किसिमको सोचको अपूर्णता वा नारी विरोधी पितृसत्तात्मक परम्पराको अन्ध समर्थन यसमा रहेको छ । त्यस्तो समर्थन कवि भानुभक्तले किन जनाए भनेर नियाल्दा तत्कालीन धर्म, संस्कृति, परम्परा, शिक्षा, समाज व्यवस्था जस्ता अभिप्रेरणाको गहिरो प्रभाव धेरै पछिसम्म पनि रहेको थियो भन्ने कुरा १९९१ सालमा रुद्रराज पाण्डेले लेखेको 'रूपमती' उपन्यासको सन्दर्भले पनि थप पुष्टि गरेको छ। त्यस्तै बालकृष्ण समले पनि नारीलाई नै "पतिभक्ति त मर्दैन पापी पति भए पनि" (मुकुन्द इन्दिरा नाटक) भन्न लगाएर पतिप्रति पूर्ण आस्वस्त नारी चरित्र निर्माण गरेकै देखिन्छ । त्यसैले यो हाम्रो परम्परित समाजको पितृसत्तात्मक चरित्र नै हो । यसका जरा प्राचीन कालदेखि अहिलेसम्म कुनै न कुनै रूपमा फिँजारिएकै छन् ।

**विभिन्न फुटकर कविता** पनि भानुभक्तले लेखेको पाइन्छ । ती केही कान्तिपुरी नगरी र बालाजु वर्णनको नाममा प्रकाशित भएका छन् भने केही शीर्षकविहीन श्लोकका रूपमा पनि रहेका छन् । यस्ता सबै फुटकर कवितालाई भानुभक्तको रामायणको अन्त्यमा फुटकर रचनाका नाममा प्रस्तुत गरिएको छ । तीमध्ये विभिन्न समयका थोरै (५/७) श्लोकमात्रै नारीसँग सम्बन्धित छन् ।

**कान्तिपुरी नगरी** कवितामा नारीलाई स्वर्गका अप्सरा जस्ता भ्रमणशील चपला अवलाका रूपमा चिनाइएको छ भने बालाजु वर्णनका कवितामा पनि नारीलाई सौन्दर्यमय प्राणीका रूपमा हेरिएको छ । नारीको स्वत्वको भन्दा पनि पुरुषको दिल बहलाउने तत्त्वका रूपमा ती यहाँ चित्रित छन् । यस्तै १२ क्रममा रहेका कवितामा गजाधर सोतीकी श्रीमतीले श्रीमान् नभएका हुँदा बेलुका बास नदिएकाले उनलाई अलछिना, नरकमा जान लागेकी भनेर दुत्कारिएको छ । उनको व्यावहारिक

वाध्यतालाई बुझ्ने काम भएको छैन । यस्तै रचनाक्रम २४ का दुई श्लोके कवितामा घरलाई अस्तव्यस्त अवस्थामा राख्ने अल्छी नारीहरूलाई सुँगुर्नी र कुकुर्नी नारी भनेर निकृष्ट ढङ्गमा आलोचना पनि गरिएको छ ।

यसरी भानुभक्तका कविता काव्यमा तत्कालीन धर्म, संस्कृति र परम्पराका आडमा मौलाएको पितृसत्ताको ज्यादती ठाउँ ठाउँमा निशङ्कोच रूपमा देखिएको छ । नारीवादी कोणबाट हेर्दा उनी विशेष गरी बुहारी र पत्नी बनेका नारीप्रति बढी नै अनुदार देखिएका छन् ।

## भानुभक्तका कवितामा पाइने नारीपक्षधरता (नारीवादी स्वर) को अवस्था

निश्चय नै भानुभक्तका कवितामा पत्नी र बुहारीका सन्दर्भमा नारी विरोधी स्वर बढी मुखरित छ तापनि सबै नारीप्रति उनको नराम्रो दृष्टिकोण भने रहेको छैन । यस दृष्टिले हेर्दा **भक्तमाला** मूलतः नारीको भूमिकालाई गौण तुल्याएर प्रस्तुत गरिएको कविता भए पनि सुरुमा विषयहरूको ममता छाडी सीतारामको भजन गर्नुपर्ने कुरा आएको हुँदा अंश विशेषमा सीता वा नारीप्रति सद्भाव नै प्रकट भएको पाइन्छ । रामका अगाडि सीताको नाम आउनुले पनि यस सन्दर्भमा विशेष अर्थ राखेको छ तर यस्तो नारी प्रधानता सिङ्गो कविता व्यापी भने हुन सकेको छैन । त्यस्तै **प्रश्नोत्तर** कवितामा नारीप्रति धेरै नकारात्मक दृष्टिकोण रहे पनि नारीको आमा/माता रूपलाई भने यस कवितामा पनि सम्मानको भावना व्यक्त गरिएको छ । आमालाई सुखदायी नारी रूप मानिएको छ । त्यो सुख विद्या वा ज्ञानबाट प्राप्त हुने जस्तो मानसिक पोसले युक्त हुन्छ भन्ने राय छ । जस्तै-

मातसरी सुख दिन्या कुन चीज छ जान्नू ?<br>
विद्यै छ यस्तो अरू कौन खोज्नु ॥ ३७

**वधूशिक्षा** पनि मूलतः कर्कशा बुहारीको व्यवहार देखेर जन्मेको भए पनि यसले पत्नी, बुहारी र छोरीलाई आफ्नो घर गृहस्थी कसरी व्यवस्थापन गर्ने बारेमा तत्कालीन धर्म संस्कृतिका आलोकमा सद्शिक्षा दिएको छ तर ती कतिपय कुरा वर्तमान सन्दर्भमा असान्दर्भिक मात्रै नभई अमानवीय पनि देखिएका छन् । यसको अर्थ त्यहाँका कुनै पनि कुरा आजका छोरी, बुहारी, पत्नीका लागि स्वीकार्य कुरा नै छैनन् भन्ने पनि होइन । आफ्नो घर परिवार व्यवस्थित गर्न उनीहरू संयमी, सहनशील र विनयशील भएर प्रस्तुत हुनुपर्ने, आफ्ना मान्य ससुरा, पतिमात्रै नभई सासू, अमाजू, नन्द आदि नारीलाई पनि सद्भावपूर्ण व्यवहार गर्नुपर्ने, कामदारलाई हाँसी हाँसी काम लगाउने, उनीहरूलाई नमिठो वचन नलाउने जस्ता कुरा पनि यहाँ आएका छन् । यस्ता कुरालाई नारी पक्षधरताकै कोणबाट हेरिनुपर्ने देखिन्छ । यस्तै कतिपय फुटकर कविता (कान्तिपुरी र बालाजु वर्णन) का अंश विशेषमा नारीलाई सौन्दर्यपूर्ण प्राणी र पुरुषका प्रेरक चरित्रका रूपमा पनि सङ्केत गरिएको छ । बालाजुको प्राकृतिक सौन्दर्यमा लठ्ठ भएका भानुभक्त त्यहाँ असल सुन्दरी नचाएर कविता लेख्न पाए त स्वर्गैको अनुभूति मिल्ने ठान्छन् (फुटकर रचना ३/२) । यस्तै सन्तानलाई बाबुले गायत्री र आमाले दीक्षा दिने कुरा औँल्याएर आमाको भूमिका सकारेको पनि पाइन्छ ।

यसरी हेर्दा के देखिन्छ भने भनुभक्तका कवितामा नारी भए पनि ईश्वरीय क्षमता भएका सीता अनि जन्मदिने आमालाई निकै आदर र सम्मानका साथ प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै पत्नी र बुहारीलाई आफ्ना मान्य सासू, अमाजू, नन्दप्रति आदर र सम्मान गर्नुपर्ने कुरा जनाइएको हुँदा उनका कवितामा नारीपक्षधरताको स्वर पनि रहेको स्पष्ट हुन्छ तर यसको मात्रा भने अलि न्यून नै देखिएको छ ।

## निष्कर्ष

भानुभक्त आचार्य नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धमा देखिएका महत्त्वपूर्ण प्रतिभा हुन् । उनले कविताका लघु, मध्यम र बृहत रूपमा कलम चलाएका छन् । सबै आयामका कवितामा उनले नारी जीवनका सन्दर्भलाई पनि विषय बनाएका छन् तर यस शोधमूलक लेखमा उनका लघु र मध्यम आयामका कवितामा अभिव्यक्त नारीप्रतिको दृष्टिकोण अन्वेषण गरिएको छ ।

आचार्यका लघु र मध्यम आयमका कवितामा परम्परित नारी विरोधी पितृसत्तात्मक स्वर व्यक्त भएका छन् । नारीप्रति बढी नकारात्मक दृष्टिकोण राखिएका उनका काव्यकृतिमा “प्रश्नोत्तर माला” र “वधूशिक्षा” पर्दछन् । तीमध्ये पहिलो शङ्कराचार्यको कृतिमा आधारित छ । यसमा मूलकै जस्तो नारीप्रतिको एकदमै नकारात्मक सोच प्रस्तुत गरिएको छ भने दोस्रो मौलिक कृति हो । यो मित्र तारापतिकहाँ बास बस्दा उनकी श्रीमती र बुहारीबिचको रातको बाभ्काबाभ्क देखेभोगेर सुत्न पनि नसकी रातमै लेखिएको रचना हो । पत्नी, बुहारी र छोरीलाई सदुपदेश दिएर सुधार्ने मनसाय यसमा छ । सुशील र कर्तव्य परायण बुहारीले घर सञ्चालन गरे मात्रै त्यो घर सुखी हुने नत्र जति नै धन, इज्जत मान प्रतिष्ठा कमाएको मानिसको पनि घर सुख र शान्ति नहुने राय यसमा छ । पत्नी र बुहारीलाई सुशील र कर्तव्य परायण बन्नका लागि भने यसले परम्परित धर्म, संस्कृति र सामाजिक मूल्य मान्यतालाई नै जोड दिएको हुँदा त्यो नारी विरोधी, मानवता विरोधी पितृसत्तात्मक सोच अनुरूपको छ ।

अर्को कुरा माध्यमिक र त्यसपछिको समय वा उत्तर आधुनिक कालमै पनि नारीलाई जसरी यौनिक वस्तुका रूपमा उपस्थित गराउँदै ल्याइएको छ त्यसभन्दा त “वधूशिक्षा” मै नारीलाई बढी महत्त्वको प्राणी ठानिएको छ किनभने कमसेकम भानुभक्तले त छोरी बुहारीलाई गृहस्थी व्यवस्थित र सुखमय बनाउन सक्ने महत्त्वपूर्ण सदस्यका रूपमा देखेका वा घर गृहस्थीको सुख आनन्दका लागि उनीहरूको अपरिहार्यता सकारेका छन् । जहाँसम्म मर्यादा र कर्तव्य के हुनु पर्छ भन्ने प्रश्न छ त्यो त काल सापेक्ष कुरा पनि हो । त्यसैले नारीलाई पुरुषको मनोरञ्जनको वस्तु ठान्ने परवर्ती सोच भन्दा त्याग, सेवा र आदर्श वा गृहलक्ष्मीका रूपमा हेर्ने र त्यस्तो हुन नसकेका नारीलाई सुधारको सन्देश दिएर सुधार्न खोज्ने भानुभक्तको सोच सापेक्षित रूपमा राम्रो छ ।

यस्तै केही फुटकर कवितामा पनि घरको सुव्यवस्थापन गर्न नसकेका अल्छी नारीलाई सुगुर्नी, कुकुर्नी जस्ता निकृष्ट उपाधि दिएका छन् । यति हुँदाहुँदै पनि उनका कवितामा नारी जतिप्रति नै विद्वेशको भावना भने देखिन्न । ईश्वरीय क्षमता भएकी सीता, वात्सल्यमयी आमा र घरका अन्य मान्य नारीप्रति उनको गहिरो सद्‌भाव नै पाइन्छ ।

छोटोमा भन्दा भानुभक्तका सीमित रचनाका अंश विशेषमा नारीप्रतिको सकारात्मक सोच प्रकट भए पनि धेरै स्थानमा नकरात्मक सोच नै प्रकट भएको छ । यस्तो नकारात्मकता भनेको त्यस समयको सामाजिक, साँस्कृतिक, धार्मिक र नैतिक परम्पराकै उपजका रूपमा देखिएको छ । त्यो आजको परिवर्तित समयका सापेक्षतामा निकै आलोच्य पनि छ तर त्यसकै आधारमा भानुभक्तको नारीप्रति एकदमै नकारात्मक नियत थियो भन्ने निष्कर्ष भने निस्कँदैन किनभने उनको उद्देश्य नारीलाई घरगृहस्थीको व्यवहारमा कुशल बनाउनु रहेको छ । आजको जस्तो नारीलाई स्वतन्त्रताका नाममा बजारु विज्ञापनको साधन बनाउने कुटिलता भने रहेको छैन ।

## सन्दर्भ सूची


आचार्य, भानुभक्त (२०३९). *भानुभक्तको रामायण,* काठमाडौं : साझा प्रकाशन ।

कात्यायनी र सत्यम (सन्. २००९) "मेरी वोल्सनटन क्राफ्ट : स्त्री मुक्ति की आदि सिद्धान्तकार". *स्त्री अधिकारो का औचित्य साधना,* मेरी वोल्सनटक्राफ्ट, अनुवादक मीनाक्षी दिल्ली : राजकमल प्रकाशन प्रालि. ।

खनाल, सुलोचना (२०६८). *नारीवादी कोणबाट समानान्तर आकाश र टुँडाल उपन्यासको तुलनात्मक अध्ययन,* पोखरा : त्रि.वि, पृथ्वी नारायण क्याम्पसको लघु अनुसन्धान परियोजना अन्तर्गतको शोधपत्र ।

गौतम कृष्ण (२०५०) *आधुनिक आलोचना : अनेक रूप अनेक पठन,* ललितपुर : साझा प्रकाशन ।

घिमिरे भवानी (सम्पा, २०६१). *आदिकवि भानुभक्त आचार्य,* काठमाडौं : विद्‌यार्थी पुस्तक भण्डार ।

त्रिपाठी, वासुदेव (२०३६). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा,* दो.सं, काठमाडौ : साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (१९८९). *साहित्य के समाजशास्त्र की भूमिका,* चण्डीगढ : हरियाणा साहित्य अकादमी ।

पौडेल, विष्णु प्रसाद (२०७२). *समाजको एकीकरणमा साहित्यको योगदान : सन्दर्भ भानु जयन्ती* २०१ औं भानु जयन्तीका सन्दर्भमा समाज विज्ञान केन्द्र पोखराद्वारा २०७२/०३/२६ गते आयोजित गोष्ठीमा प्रस्तुत अनुसन्धानमूलक पत्र, पृ. १-११ ।

पौडेल, विष्णु प्रसाद (२०६७) "नारीवादी चिन्तन सिमोन द बुआको द सेकेण्ड सेक्स, कृतिका आधारभूत कुराहरू" *पृथ्वीवाङ्मय* १०:५, पोखरा पृ. ६६-८४ ।

सिन्हा, गोकुल (२०६१). "भानुभक्तीय आलोचनाको परम्परा", *आदिकवि भानुभक्त आचार्य,* भवानी घिमिरे (सम्पा.) काठमाडौं : विद्‌यार्थी पुस्तक भण्डार, पृ.१५-२९ ।

सुन्दास, लक्खीदेवी (२०६१). "भानुभक्त र नारी", *आदिकवि भानुभक्त आचार्य,* भवानी घिमिरे (सम्पा.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, पृ.२३२-३४ ।

शर्मा मोहनराज लुइँटेल खगेन्द्र (२०६१), *पूर्वीय पाश्चातय साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।